**बैठक संख्याः-२-०७९/०८०**

आज मिति २०७९ साल साउन २८ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको वैठकको उपस्थिती र निर्णय देहाय वमोजिम गरियो।

| क्र स | दस्तखत | पद | नाम थर |
|---|---|---|---|
| १ | | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | नगर उप प्रमुख | श्री राजु खड्का |
| ३ | | वडा अध्यक्ष | श्री जय वहादुर के.सी. |
| ४ | | वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | | वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | वडा अध्यक्ष | श्री छम वहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | वडा अध्यक्ष | श्री चक्र वहादुर खत्री |
| १७ | | कार्यपालिका सदस्य | श्री ज्योती के.सी (विष्ट) |
| १८ | | कार्यपालिका सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | कार्यपालिका सदस्य | श्री धन माया शर्मा |
| २० | | कार्यपालिका सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | कार्यपालिका सदस्य | श्री शान्ती वोसेल |
| २२ | | कार्यपालिका सदस्य | श्री सीता थापा |
| २३ | | कार्यपालिका सदस्य | श्री ढाका वहादुर परियार |
| २४ | | कार्यपालिका सदस्य | श्री चुरा वहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |

अन्य उपस्थिती

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

निर्णय नं. १.

यस बागलुङ नगरपालिकाको विधायन समितिको शिफारिस बमोजिम देहाय बमोजिमका कानून स्वीकृत गर्ने निर्णय गरियो ।

क) स्थानीय सार्वजनिक यातायात संचालन,व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि २०७९

ख) टोल विकास संस्था गठन,संचालन तथा परिचालन निर्देशिका २०७९

ग) जलस्रोत तथा मुहान दर्ता तथा व्यवस्थापन कार्यविधि २०७९

घ) उपभोक्ता समितिको गठन परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ पहिलो संशोधन २०७९

निर्णय नं. २

यस नगरपालिका समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा कालीगण्डकी नदीबाट नदिजन्य पदार्थ संकलन सम्बन्धमा भएको उत्प्रेषण परमादेश मुद्धाका सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो ।

क) सम्मानित सर्वोच्च अदालतमा चलिरहेको ०७७- WO-१२५६ को मुद्धामा यस अघि तोकिएका अख्तियार प्राप्त व्यक्ति याम शर्मा कडेलले सो मुद्धाको बारेमा कुनै जानकारी नदिएको र सम्पर्कमा समेत नआएको हुँदा सो मुद्धामा अव उप्रान्त सम्मानित अदालतबाट तोकिने तारेखमा हाजिरमा रही,कानून व्यवसायी नियुक्त गरी, नगरपालिकाको तर्फबाट निवेदन दिनुपर्ने निवेदन दिन समेत बागलुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय,बागलुङका अधिकृत छैठौं श्री भिमसेन पन्तलाई लाई अख्तियारनामा दिने ।

ख) उल्लेखित मुद्धामा नगरपालिकाको तर्फबाट बहश पैरवी गर्नका लागि ल एण्ड लयर्स कम्पनी प्रा.लि.,त्रिपुरेश्वर काठमाडौलाई नियुक्त गरी सो कम्पनीबाट बरिष्ठ अधिबक्ता रमन कुमार श्रेष्ठ-१ अधिबक्ता चन्द्रप्रसाद गुरागाई-१ लाई नियुक्ती गरी दुईजनाबाट मुद्धाको प्रतिरक्षाको लागि बहश पैरवी गराउने ।

ग) मुद्धामा बहश पैरवी गर्दा र अन्य कानूनी लिखत तथा सो मुद्धामा गर्नु पर्ने कानूनी कार्य कम्पनीको तर्फबाट गरे बापत ल एण्ड लयर्स कम्पनी प्रा.लि.बाट प्राप्त हुने बिल बमोजिमको बरिष्ठ अधिबक्ता र अधिवक्ता गरी २ जनाको बहश पैरवीको फि तथा अन्य कार्य गरे बापत समेत प्राप्त हुने विल अनुसारको रकम दामासायीले भुक्तानी गर्ने ।

निर्णय नं. ३

यस नगरपालिका क्षेत्र भित्र नयाँ सडक खन्ने सम्बन्धमा दुईवटा सडक निकास जोडिने हकमा प्राविधिक प्रतिवेदनको आधारमा बाँकी ट्याक खोल्न अनुमती दिने निर्णय गरियो ।

सदस्य प्रमाणित

निर्णय नं. ४

यस बागलुङ नगरपालिका भित्रमा सकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन गर्न छुट भएको बुझिएको हुँदा उक्त विवरण संकलनका लागि थप समय उपलब्ध गराउने सूचीमा यस नगरपालिकालाई समेत समावेश गरिदिन राष्ट्रिय भूमी आयोग समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.५

काठेखोला जलविहार परियोजना कार्यान्वयन सम्बन्धमा यस नगरपालिकाबाट भएका पूर्व निर्णय र हाल सम्म भएका कामकारबाही र संभावनाको अध्ययन गरी उक्त परियोजनाको डि.पि.आर. निर्माण तथा कार्यान्वयन सम्बन्धमा सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक : श्री सनी के.सी.(लक्ष्मण) वडा अध्यक्ष वडा नं. ३

सदस्य : श्री छमबहादुर खत्री वडा अध्यक्ष वडा नं. ८

सदस्य : श्री राजु थापा वडा अध्यक्ष वडा नं. ९

सदस्य : श्री तिलबहादुर थापा वडा अध्यक्ष वडा नं. १०

सदस्य सचिव : श्री युक्त प्रसाद सुवेदी बागलुङ नगर कार्यपालिकाको कार्यालय,बागलुङ ।

निर्णय नं. ६

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयमा एक पालिका एक खेलमैदान कार्यक्रम अर्न्तगत यस बागलुङ नगरपालिका वडा नं. ९ स्थित आहालखर्क खेलमैदान स्तरोन्नतीका लागि डि.पि.आर.सहितको परियोजना प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

कालीगण्डकी लगायतका यस नगरपालिका क्षेत्रका नदिबाट व्यवस्थित एवं बातावरण मैत्री अवधारणामा कुनै असर नपर्ने नगरको विकास निर्माण एवं नगरबासीका लागि अत्यावश्यक नदीजन्य निर्माण सामाग्रीको संकलन एवं सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश समेतको प्रतिकुल नहुने गरी कालीगण्डकी नदीको सभ्यता संरक्षण एवं व्यवस्थापन सम्वन्धमा अनुगमन गरी शिफारिस गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक : श्री राजु खड्का - नगर उपप्रमुख बागलुङ नगरपालिका, बागलुङ

सदस्य : श्री कुमार विक्रम क्षेत्री - वडा अध्यक्ष बा.न.पा. ४, बागलुङ

निर्णय प्रमाणित

सदस्य : श्री जयबहादुर के.सी.- वडा अध्यक्ष वडा नं. १ बा.न.पा., बागलुङ

सदस्य : श्री सनी के.सी. - वडा अध्यक्ष वडा नं. ३ बा.न.पा., बागलुङ

सदस्य : श्री तिलबहादुर थापा - वडा अध्यक्ष वडा नं. १०, बागलुङ

सदस्य : श्री कोपिलामणी शर्मा - वडा अध्यक्ष बा.न.पा. १२, बागलुङ

सदस्य : श्री नारायण शर्मा पौडेल- वडा अध्यक्ष वडा नं. १३, बागलुङ

सदस्य : श्री चक्रबहादुर खत्री -वडा अध्यक्ष वडा नं. १४, बागलुङ